बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)


खण्ड १ बर्ष ६ अंक २६ मिति : पौष २५ गते २०७९


**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# भाग -२

# “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि,२०७५ लाई संशोधन गर्न बनेको (तेस्रो संशोधन) कार्यविधी, २०७९

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी बुद्धभूमी नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

**कार्यविधिमा संशोधन गर्नुपर्ने बिषयहरु;-**

**दफाहरु संशोधन:** दफा १, मा संक्षिप्त नाम र प्रारम्भ : थप गरी निम्न वुँदा थप गरिएको।

(१) यस कार्यबिधिको नाम "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धि कार्यबिधि,२०७७ (पहिलो संशोधन, २०७९) रहेको छ।

दफा २, मा परिभाषा: थप गरी निम्न वुँदा थप गरिएको।

**२ परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :

(क) "नगरपालिका" भन्नाले बुद्धभुमि नगरपालिका जनाउनेछ।

(ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धभुमि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ।

(ग) "ईजाजतपत्र" भन्नाले बुद्धभुमि नगरपालिकाले कुनै पनि कम्पनी वा फर्मलाई ¨ घ ¨ बर्गको निर्माण व्यवसाय गर्नलाई दिईएको ईजाजतपत्रलाई जनाउनेछ।

साबिक दफा १ इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने बिषय दफा ३ गरी संशोधन गरिएको।

साबिक दफा २ नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था बिषय दफा ४ गरी दफा संशोधन गरिएको ।

साबिक दफा ३ इजाजतपत्रको अवधि र नवीकरण : बिषय दफा ५ गरी दफा संशोधन गरिएको।

दफा ६ मा निम्न बिषयवस्तु थप गरिएको।

इजाजत पत्रको ठाँउ सारी र नाम सारी:- (१) कुनै पनि निर्माण व्यवसायीले बुद्धभूमि नगरपालिकाबाट अन्य स्थानमा ठाँउ सारी जान चाहेमा वा अन्य स्थानबाट आउन चाहेमा निर्माण व्यवसायी सम्बन्धी आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सहमति/ अनुमतिका लागि निम्न दस्तुर बुझाउनु पर्ने छ।

(क) सम्बन्धित प्रदेशमा भए रु. ५,०००।

(ख) अन्तर प्रदेश भए रू. १०,०००।

(३) बुद्धभूमि नगरपालिकामा दर्ता भै व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीले आफ्नो नाममा दर्ता भएको फर्म निजको एकाघरको परिवार तथा अन्य व्यक्तिको नाममा नामसारी गर्न चाहेमा निर्माण व्यवसायी सम्बन्धी आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सहमति/ अनुमतिका लागि निम्न दस्तुर बुझाउनु पर्ने छ।

(क) एकाघरको हकमा रु. २,०००।

(ख) अन्यको हकमा रू. १०,०००।

(५) उपदफा (१) र (३) बमोजिम भएको कामकारवाहीको रेकर्ड कार्यालयमा अध्यावधिक गरि राख्नु पर्नेछ।

साबिक दफा ४ इजाजतपत्रको खारेजी : बिषय दफा ७ गरी दफा संशोधन गरिएको।

साबिक दफा ५ इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था : बिषय दफा ८ गरी दफा संशोधन गरिएको।

साबिक दफा ६ प्रचलित कानुन बमोजिम हुने : बिषय दफा ९ गरी दफा संशोधन गरिएको।

साबिक दफा ७ बचाउ : बिषय दफा १० गरी दफा संशोधन गरिएको।

कार्यविधिको अनुसूची-१ को कार्यविधिको दफा २ को उपदफा (१) संग सम्बन्धित अनुसूचीमा उल्लेखित दफा ४ कायम गरिएको।

कार्यविधिको अनुसूची-२ को कार्यविधिको दफा २ को उपदफा (२) को उपदफा (१) र दफा (३) को उपदफा (३) संग सम्बन्धित अनुसूचीमा उल्लेखित दफा ४ र ५ कायम गरिएको।

कार्यविधिको अनुसूची-२ को कार्यविधिको दफा २ को उपदफा (१) र र दफा (३) को उपदफा (३) संग सम्बन्धित अनुसूचीमा उल्लेखित दफा ४ र ५ कायम गरिएको।

आज्ञाले
रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत